# डोल्पो बुद्ध गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**धो, डोल्पा**

**कर्णालि प्रदेश, नेपाल**

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१७**

डोल्पो बुद्ध गाउँपालिकाको चालु आ.ब. २०७९/०८० को विशेष अनुदान अन्तर्गतको स्वीकृत बार्षिक कार्यक्रम अनुसार हिमाली च्यांग्रा जातको बाखा र बोकाहरू सार्वजनिक खरिद नियमावली २०६४ को दफा ३१ को उपदफा (१) बमोजिम बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त ईच्छुक व्यवसायी/आपुर्तिकर्ताहरूबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र फारम खरिद गर्न इच्छुक कृषक/सहकारी संस्था/उत्पादक, विक्रेता वा आपुर्तिकर्ताले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन (मिति २०८०/०२/१४) गते सम्म कार्यालय समय भित्र चालु आ.व. को लागि नविकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, यस कार्यालयको नाममा जारी बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरि नियमानुसार लाग्ने रु. ३,०००।- (तिन हजार रुपैया मात्र) राजश्व दस्तुर (फिर्ता नहुने गरि) बुझाई वा डोल्पो बुद्ध गाउँपालिकाको कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड डोल्पो बुद्ध शाखा डोल्पाको खाता नं. ४५४०१००३०१०१०००२ मा जम्मा गरेको भौचर पेश गरि वोलपत्र सम्वन्धि कागजात प्राप्त गर्न सकिने छ।

२. खरिद गरिएका बोलपत्र फारम पेश गर्दा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०७९/०२/१५ गते दिनको १२:०० बजे भित्र यस गाउँपालिकाको कार्यालयको नाममा सम्बोधन गरि वोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरि सहिछाप गरि शिलबन्दी लाहा छाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरि यस गाउँपालिकाको कार्यालयमा पेश गर्दा तोकिएको समय भित्रै दर्ता गराई सक्नु पर्नेछ .सो बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिनको २:०० बजे विभिन्न कार्यलयका प्रतिनिधि र बोलपत्रदाता वा निजहरुको अख्तियारिनामा दिई पठाईएका प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजहरुको अख्तियारिनामा दिई पठाईएका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० बमोजिम बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा स्वयं घोषणा गरेको कागजात बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

४. यस गाउँपालिकाको लागि हिमाली च्यांग्रा जातको बाखा तथा बोका खरिदका लागि बोलपत्र खरिद गरि एउटै खाम भित्र एक भन्दा बढी बोलपत्रहरु राखी पेश गर्न पाइने छैन।

५. बोलपत्र जमानत वापत तपशिलमा उल्लेख गरे बमोजिमको जमानत रकम डोल्पो बुद्ध गाउँपालिकाको कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड डोल्पो बुद्ध शाखा डोल्पामा रहेको धरौटी खाता नं. ४५४०१००३०३००००००२मा दाखिला गरेको सक्कलै भौचर वा यस गाउँपालिकाको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको बोलपत्र दाखिला हुने दिनबाट गणना हुने गरि ९० दिन अवधि रहेको सक्कलै बैंक जमानत पत्र संलग्न गरि पेश गर्नु पर्नेछ। यसरी पेश गरिने बैंक जमानत यो सूचना प्रकाशित भएको मिति पछाडिको लाई मात्र मान्यता दिएने छ।

६. बोलपत्रमाकबोल गरेको दररेट अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा सहिछाप गरेको हुनु पर्नेछ।

७. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

८. बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका प्रचलित कानुन अनुसार हुनेछ।

९. बोलपत्र खरिद तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

११. बोलपत्रमा पेश गरेको मुल्य यस आ.व. को लागि भएकाले अषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य वृद्धि लाई स्वीकार गरिने छैन।

| क्र.स. | बोलपत्र संकेत नं. | कामको विवरण | लागत अनुमान रु | बोलपत्र खरिद शुल्क रकम | बोलपत्र जमानत रकम |
|---|---|---|---|---|---|
| १. | DBRM/DOLPA/GOODS/ NCB/13–079/080 | हिमाली च्यांग्रा जातको बाखा तथा बोका खरिद वितरण | ३०,९७,०००।- | ३,०००।- | रु ७७,५००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**